# केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने ऐन, २०७७

*प्रमाणीकरण मिति*

*२०७७।०३।१५*

संवत् २०७७ सालको ऐन नं. ९

## केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्न बनेको ऐन

प्रस्तावना: केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्न वाञ्छनीय भएकोले,

संङ्घीय संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. खारेजी: केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७ खारेज गरिएको छ।

३. साविकको व्यवस्था जागेको मानिने: दफा २ बमोजिमको अध्यादेशले जगाएको देहायको ऐनको साविकको व्यवस्था सो अध्यादेश जारी भएको मिति २०७७ साल वैशाख १२ गते देखी नै जागेको मानिनेछ।

(क) संवैधानिक परिषद् (काम, कर्तब्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६

(ख) राजनीतिक दल सम्बन्धी ऐन, २०७३।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय